**कपुरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**स्थानीय राजपत्र**

**भाग : २** **सख्या : १२** **मिति २०७९/११/०६**

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/११/०६

प्रमाणिकरण मितिः २०७९/११/०६


# खेलकुद विकास सम्बन्धी कार्यविधि, २०७९

पस्तावनाः

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यलाई रुप दिन वाञ्छनिय भएकोले कपुरकोट गाउँ कार्यपालिकाले खेलकुद विकास सम्बन्धि यो **कार्यविधि** बनाई लागु गरेको छ।

## परिच्छेद -१
## नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम "खेलकुद विकास सम्बन्धि कार्यविधि, २०७९" रहने छ र यो कार्यविधि कपुरकोट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

क) "गाँउपालिका" भन्नाले कपुरकोट गाँउपालिका सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले "कपुरकोट गाँउपालिका, खेलकुद विकास सम्बन्धि कार्यविधि, २०७९" भन्ने सम्झनु पर्छ ।

ग) "गाँउपालिका खेलकुद विकास समिति" भन्नाले यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम गठित समिति सम्झनु पर्छ ।

घ) "टिम, क्लव, संघ, संस्था" भन्नाले यस कार्यविधिमा तोकिए बमोजिम कपुरकोट गाउँपालिकामा दर्ता भएका कपुरकोट गाँउपालिका क्षेत्रभित्रका टिम, क्लब र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

ङ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ संस्थामा सम्वद्ध भएका वा स्वतन्त्र रुपमा खेल क्षेत्रमा सक्रिय खेलाडी/व्यक्ति सम्झनु पर्छ ।

च) "प्रशिक्षार्थी" भन्नाले गाँउपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

छ) "खेलकुद विकास कोष" भन्नाले गाँउपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ज) "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष गाँउपालिकामा पेश गरेको विवरण वा स्वतन्त्र रुपमा खेलकुदमा सम्बद्ध व्यक्तिहरू भन्ने सम्झनु पर्छ।

झ) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद विकास समितिमा सम्वद्ध समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

ञ) “राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता” भन्नाले प्रत्येक वर्ष शिक्षा मन्त्रालयले निर्धारण गरेको कार्यविधि अनुसार संचालन हुने अन्तरविद्यालय स्तरीय खेलकुद प्रतियोगिता भन्ने सम्झनु पर्छ।

ट) “अध्यक्ष कप प्रतियोगिता” भन्नाले प्रत्येक वर्ष गाउँपालिकाद्वारा आयोजना हुने अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिता भन्ने सम्झनु पर्छ।

ठ) “शिक्षा, युवा तथा खेलकुद शाखा भन्नाले कपुरकोट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा भन्ने सम्झनु पर्छ।

## परिच्छेद-२
## गाँउपालिका खेलकुद विकास समितिको गठन सम्बन्धि व्यवस्था

३. खेलकुद विकास समितिको गठनः

(१) गाँउपालिकाले युवा तथा खेलकुद क्षेत्रमा क्रियाशिल व्यक्तिहरू मध्ये अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना र बढीमा ३ देखि ५ जना सदस्यहरू रहने गरी एक गाँउपालिका खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(२) गाँउपालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ बर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिका पदाधिकारी र सदस्यहरू सामान्यतयाः कार्यपालिकाले तोक्ने छ। तर कार्यपालिका बैठक बस्न नसकेको वा सहमति हुन नसकेको अवस्थामा गाउँपालिका अध्यक्षले समितिको गठन गर्न वाधा पर्नेछैन।

(४) गाँउपालिका खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठकको अन्य कार्यविधी समिति स्वयंले तोके अनुसार हुनेछ।

(५) समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) गाँउपालिका खेलकुद विकास समतिको बैठक आव्हान गर्ने, बैठकको अध्यक्षता गर्ने र निर्णय प्रमाणित तथा कार्यान्वयन गर्ने गराउने ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु अघि गाउँपालिका समक्ष पेश गर्ने।

ग) पालिका स्तरीय, वडा स्तरीय र अन्य विभिन्न खेलकुद प्रतियोगिताहरूको आयोजना र व्यवस्थापन गर्न गाउँपालिका समक्ष प्रस्तावना पेश गरी गाउँपालिकाको निर्णय अनुसार कार्यान्वयन गर्न मूख्य भुमीका खेल्ने।

घ) समितिको प्रतिनिधीत्व गरी कपुरकोट गाउँपालिका क्षेत्रमा खेलकुदको विकास र प्रवर्द्धनमा नेतृत्वदायी भुमीका खेल्ने।

(ङ) गाउँपालिका र समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

(६) समितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) समितिको अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सम्पुर्ण कार्यहरू गर्ने।

(ख) समितिका कामहरूको अनुगमन तथा मूल्यांकन गर्ने।

(ग) समिति र अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने।

(७) समितिको सचिवको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको आदेशमा समितिको बैठक बोलाउने।

(ख) समितिको बैठकको निर्णय माइन्युट गर्ने, बैठकको संचालन गर्ने र प्रतिवेदन तयार पार्ने।

(ग) अध्यक्ष र समितिले तोकेका अन्य कार्यहरू गर्ने।

(८) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) समितिको खाता संचालन गर्ने र हिसाबकिताब दुरुस्त राख्ने।

(ख) वार्षिक बैठकमा समितिको आय-व्ययको प्रतिवेदन प्रस्तुत गर्ने।

(ग) बेरुजू फस्यौंट गर्नमा मूख्य भुमिका खेल्ने।

(९) सदस्यहरुको काम कर्तव्य र अधिकार :

क) समितिको बैठकमा उपस्थित हुने र नीति, योजना निर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने ।

ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लब, संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठीमा गाँउपालिका खेलकुद समितिले तोके बमोजिम प्रतिनिधित्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

घ) समितिको निर्णय बमोजिम तोकिएको अन्य जिम्मेवारी बहन गर्ने ।

## परिच्छेद-३

## खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार

४. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाँउपालिकाको कला, संस्कृति, खेलकुद विकास र प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमबाट सहयोग पुर्याउने,

ख) गाँउपालिका क्षेत्रभित्र विविध खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका बिचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, कपुरकोटप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक नागरिक तयार गर्ने,

घ) खेलकुदको माध्यमबाट गाँउपालिका बासीहरुलाई एकतावद्ध भावनाको विकास गराउने,

ङ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

च) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सहकारी निकायहरु को सहयोग जुटाउने,

छ) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजान समन्वयकारी भुमीका खेल्ने,

ज) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र वुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम तथा खेलकुद व्यवस्था गर्न सहयोग पुऱ्याउने,

झ) गाँउपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गरी खेलकुदको विकास गर्न सहयोग गर्ने,

ञ) गाँउपालिका खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्न आवश्यक तालिम लगायतको व्यवस्था गर्न पहल गर्ने,

ट) गाँउपालिका क्षेत्रमा खुला मैदानहरुको पहिचान गरी सामुदायिक खेलमैदानको व्यवस्था गर्न पहल गर्ने,

ठ) गाउँपालिकासँग सम्झौता गरी राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता, अध्यक्षकप प्रतियोगिता लगायतका अन्य गाउँपालिकाले तोकेका खेलकुद प्रतियोगिताहरूको संचालन तथा व्यवस्थापनको जिम्मेवारी लिने,

ड) गाउँपालिकाले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद -४

## खेलकुद प्रतियोगिता  आयोजना तथा व्यवस्थापन सम्बन्धि व्यवस्था

५. (१) गाउँपालिका आयोजक भई संचालित हुने खेलकुद प्रतियोगिताको व्यवस्थापन कार्य गर्न अनुमानित लागत सहितको प्रस्तावना खेलकुद विकास समितिले गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्तावना अनुसार गाउँपालिकाले खेलकुद विकास समितिसँग तोकिएको खेलकुद प्रतियोगिताको व्यवस्थापन कार्य गर्न द्विपक्षीय सम्झौता गरी कार्यदेश दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको शर्तमा रही समितिले खेलकुदको व्यवस्थापन कार्य सम्पन्न गरी समितिको बैठकमा सार्वजनिक परिक्षण लगायतका कार्य सम्पन्न गरी भुक्तानी माग गर्नु पर्नेछ।

(४) गाउँपालिकाले प्रचलित ऐन र कानूनको परिधिभित्र रही कट्टी हुने कर घटाई उपदफा (२) बमोजिमको रकम भुक्तानी गर्नु पर्नेछ।

(५) खेलकुद विकास समितिले पेश गरेको बिल, भरपाईको औचित्य, आ.ले.प. र म.ले.प. बाट देखाइने कैफियतको जिम्मेवारी स्वयं समितिकै हुनेछ।

(६) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. खेलकुद विकास समिति स्वयं आयोजक भई संचालन हुने खेलकुद प्रतियोगिता सम्बन्धि व्यवस्थाः

(१) गाउँपालिका भित्रका विभिन्न मेला, महोत्सवहरूमा प्रतियोगि वा अप्रतियोगि खेलकुदहरू समितिले आयोजना गरी व्यवस्थापन समेत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हुने खेलकुद प्रतियोगिताको लागि आवश्यक खेल सामग्री र नगद सहायता समितिले गाउँपालिका समक्ष माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सहायता माग सम्बन्धमा गाउँपालिकाको प्रचलित कानून बमोजिम उपयुक्त सहायता गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ।

(४) विभिन्न युवा क्लव, समूह, संघ-संस्था र विद्यालयहरूले संचालन गर्ने खेलकुद प्रतियोगिताहरूमा समितिले माग भए अनुसार आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ।

(५) जिल्ला भित्र वा बाहिर विभिन्न निकायबाट संचालन हुने खेलकुद प्रतियोगितामा यस पालिकाबाट खेलाडीहरू सहभागी हुने अवस्थामा गाउँपालिकासँग सम्झौता गरी समितिले खेलाडीहरूलाई तोकिएका खेलकुद प्रतियोगितामा सहभागी गराउन आवश्यक व्यवस्थापकीय कार्य गर्नु पर्नेछ।

(६) समितिले गाउँपालिकासँग समन्वय गरी विभिन्न खेलकुदको प्रशिक्षक प्रशिक्षण, खेलाडी प्रशिक्षण र खेलकुद अभिमुखीकरण लगायतका कार्यहरू गर्न सक्नेछ।

७. सल्लाहकार समितिको गठन :

गाँउपालिका खेलकुद विकास समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ।

## परिच्छेद -५

## राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र गाउँपालिका अध्यक्षकप प्रतियोगिता आयोजना सम्बन्धि व्यवस्था

८. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र गाउँपालिका अध्यक्षकप प्रतियोगिता आयोजना सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

(१) विद्यालय स्तर देखि नै खेलकुदका सबै विधाहरुमा विद्यार्थीहरुलाई सहभागी गराउन गाउँपालिकाले वर्षमा एक पटक सबै विद्यालयको सहभागिता हुने गरी राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको आयोजना गर्न सक्नेछ । त्यस्तै अन्तर वडा स्तरिय खेलकुदलाइ प्रोत्साहन गर्न वर्षमा एक पटक भलिबल र ब्याटमिन्टन लगायतका बिधामा गाउँपालिकाले गाउँपालिका अध्यक्ष कप प्रतियोगिता संचालन गर्न सक्नेछ।

(२) राष्ट्रपति रनिङशिल्ड र गाउँपालिका अध्यक्ष कप प्रतियोगिताका लागी गाउँपालिकाको खेलकुद विकास समितिले सम्पुर्ण व्यवस्थापन तथा संचालन सम्बन्धि कार्य गर्नेछ ।

(३) रनिङशिल्ड प्रतियोगिता र गाउँपालिका अध्यक्ष कपलाई व्यवस्थित र मर्यादित बनाउनका लागी खेलकुद विकास समितिले आचारसहिता बनाई लागु गर्न सक्नेछ ।

(४) विद्यालय स्तरिय प्रतियोगिताका लागी विद्यार्थीहरुको अभिलेख शिक्षा सुचना तथा व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्टि भएकोलाई आधिकारिक मानिनेछ ।

(५) राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र गाउँपालिका अध्यक्ष कपको लागि आवश्यक पर्ने बजेटको प्रस्तावित कार्यक्रम खेलकुद विकास समितिले शिक्षा युवा तथा खेलकुद शाखा मार्फत गाउँपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(६) स्वीकृत कार्यक्रम अनुसार मितव्ययीता, पारदर्शिता कायम गरी स्वीकृत कार्यक्रम अनुसारको बजेट खर्च गर्ने जिम्मेवारी खेलकुद विकास समितिको हुनेछ ।

(७) स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी विल भरपाई प्राप्त भएपछि गाउँपालिकाबाट खेलकुद विकास समितिको खातामा खर्च भुक्तानी उपलब्ध गराइनेछ ।

(८) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागी खेलकुद विकास समितिले खेलकुद क्षेत्रमा क्रियाशिल व्यक्तिलाई स्वयम सेवक तथा विभिन्न जिम्मेवारीमा परिचालन गर्न सक्नेछ ।

## परिच्छेद - ६

## खेलकुद विकास समिति सम्बन्धि अन्य व्यवस्था

९. खेलकुद विकास समिति सम्बन्धि अन्य व्यवस्थाहरू देहाय बमोजिम हुनेछः

(१) खेलकुद विकास समिति गाउँपालिकाप्रति पूर्ण उत्तरदायी हुनेछ। गाउँपालिकाको हित बिपरित कुनै काम, कारवाही गरे वा गराएमा गाउँ कार्यपालिकाले उक्त समितिलाई एक पटक सफाईको मौका दिई विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा गाउँपालिकाले एक महिना भित्रमा समितिको पुनःगठन वा नयाँ समिति गठन गर्न सक्नेछ।

(३) खेलकुद विकास समिति वा समितिका कुनै पदाधिकारी/सदस्यले प्रचलित कानून बिपरित देवानी वा फौजदारी कसुर गरेमा, समाज र गाउँपालिकालाई हानी-नोक्सानी हुने कार्य गरेमा हानी-नोक्सानीको हकमा बिगो भराई कानून बमोजिम कारवाही हुनेछ।

(४) खेलकुद विकास समितिका पदाधिकारी वा सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुनेछः

क) अध्यक्षले उपाध्यक्ष समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा।
ख) उपदफा (३) बमोजिम कसुरदार ठहरीएमा।
ग) उपदफा (१) बमोजिम समितिको विघटन भएमा।
घ) सदस्य/पदाधिकारीको मृत्यु भएमा।

(५) खेलकुद विकास समितिको नाममा कपुरकोट गाउँपालिकाले तोकेको राष्ट्रिय स्तरको बैंकमा एक बचत खाता हुनेछः

क) उपदफा ५ बमोजिमको बचत खाता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा संचालन हुनेछ,
ख) गाउँपालिकाले उपलब्ध गराएको सहयोग, समितिले सम्झौता गरी कार्य सम्पन्न गरे बापत गाउँपालिकाले उपलब्ध गराएको भुक्तानी रकम, कुनै संघ-संस्था वा व्यक्तिले समितिलाई गरेको सहयोग र समितिका सदस्यहरूले स्वेच्छिक जम्मा गरेको लेवी वा अन्य स्रोतबाट प्राप्त रकम खेलकुद विकास समितिको बैंक खातामा जम्मा गर्नु पर्नेछ।
ग) समितिको खाताबाट भएको खर्च र आयको विवरण पारदर्शि तरिकाले व्यवस्थित गर्नुपर्नेछ।

## परिच्छेद - ७

## गाँउपालिका भित्रका टिम, क्लब, र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन सम्बन्धि व्यवस्था

१०. गाउँपालिका भित्रका टिम, क्लब र संघ संस्थाहरूको दर्ता, नविकरण र व्यवस्थापन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

(१) गाउँपालिका भित्रका खेलकुद टिम, समूह, क्लब र संघ संस्थाहरूको दर्ता, नविकरण र व्यवस्थापन सम्बन्धि व्यवस्था गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ।

(२) गाँउपालिका भित्रका खेलकुद टिम, समूह, क्लब र संघ संस्थाहरूको दर्ता निवेदन फारम ढाँचा अनुसूची-१ र दर्ता प्रमाण पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका र प्रत्येक वर्ष नविकरण भएका खेलकुद टिम, समूह, क्लब र संघ संस्थाहरूलाई मात्रै गाउँपालिकाबाट प्रदान गरीने अनुदान र खेलकुद सहायता उपलब्ध गराइनेछ।

(४) उपदफा (१) बमोजिमको दर्ता र नविकरण शूल्क प्रत्येक वर्षको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(५) खेलकुद विकासका निम्ति गाउँपालिकाले दर्ता भएका खेलकुद टिम, समूह, क्लब र संघ संस्थाहरू र खेलकुदसँग सम्बन्धित अन्य संघ संस्थाहरूलाई आवश्यक आर्थिक र खेलकुद सामग्रीहरूको सहायता उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद - ८

## खेलकुद गोष्ठी, सभा, खेलाडी सम्मान कार्यक्रम सम्बन्धि व्यवस्था

११. गाँउपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई गाउँपालिकामा स्वागत तथा सम्मान कार्यक्रम गर्न सक्नेछ ।

१२. गाउँपालिकाले खेलकुद विकासको लागि विभिन्न सम्मेलन, गोष्ठी वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न/गराउन सक्नेछ ।

१३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिनन्दन तथा पुरस्कृत गर्ने कार्यक्रम आयोजना गर्न सक्नेछ ।

## परिच्छेद -९
## गाँउपालिका खेलकुद विकास कोषको व्यवस्था

१४. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाँउपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ । गाउँपालिकाले खेलकुद विकासका लागी सहयोग गर्नु परेमा यसै कोष मार्फत गर्नेछ ।

१५. कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) गाउँपालिकाले खेलकुद विकासका निम्ति विनियोजन गरेको रकम।

## परिच्छेद -१०
## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

१६. अनुशासनको कारवाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतको विषयगत खेलको आचर संहिताको लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अुनशासन र आचार संहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागि हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारीसमा गाँउपालिकाले निलम्बन गर्न सक्नेछ ।

१७. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी र व्यवस्थापकलाई गाँउपालिका खेलकुद विकास समितिको सिफारीसमा गाँउपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद -११

## <u>वाधा अड्काउ फुकाउ र खारेजी बचाउ</u>

१८. यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आएमा गाउँ कार्यपालिकाले वाधा अड्का फुकाउ सक्नेछ।

१९. यो कार्यविधि लागु हुनु पूर्व गाउँ कार्यपालिकाको निर्देशनमा सामाजिक विकास समितिले गठन गरेको खेलकुद विकास समितिका काम कारवाहीहरू यसै कार्यविधि अनुसार भएको मानिनेछ।

....................

आज्ञाले,

भरत कुमार वली

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

### कार्यविधिको दफा १० सँग सम्बन्धित

मितिः ..........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय
सल्यान, कर्णाली प्रदेश नेपाल ।

विषयः खेलकुद टिम/समूह/क्लब/संघ संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं .............स्थित .....................टोलमा गठन गरिएको..................... खेलकुद टिम/समूह/क्लब/संघ संस्था दर्ता गरिदिनुहुन निम्नानुसारको विवरण सहित अनुरोध गर्दछु ।

संलग्न कागजातहरूः

१) उपस्थिति र निर्णयको प्रतिलिपी,
२) सम्बन्धित वडा कार्यालको सिफारिस पत्र,
३) खेलाडीहरुको नामथर प्रमाणित गर्ने कागजातको प्रतिलिपी,
४) खेलकुद टिम/समूह/क्लब/संघ संस्थाको विधान।
५) गाउँपालिकाले तोकेको दस्तुर वा भौचर,

निवेदकको तर्फबाट
अध्यक्षको नामः ......................
संस्थाको नामः.............
ठेगानाः..........................
छापः

अनुसूची २

खेलकुद टिम/समूह/क्लब/संघ संस्था दर्ताको प्रमाणपत्र

**कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश, नेपाल।**

# खेलकुद टिम/समूह/क्लब/संघ संस्था दर्ता प्रमाणपत्र

दर्ता नः ....................................

दर्ता मितिः ...............................

फोटो

**१संस्थाको नामः .**

**ठेगानाः**

**संस्थाको प्रकृतिः**

**कार्यक्षेत्रः**

**संस्थाको कारोबार सुरु भएको मितिः**

**सम्पर्क फोन नंः**

**२ मुख्य व्यक्ति को/अध्यक्ष/संचालक .**

**नाम थरः ,**

**ठेगानाः**

**ईमेलः**

**सम्पर्क नं**

**राजस्व तथा आ .प्र. शाखा** **दर्ता गर्ने अधिकारी**

............................ ............................

**संस्था संचालन गर्दा अवलम्बन गर्नुपर्ने शर्तहरू**

१. यो प्रमाणपत्र हराएमा वा च्यातिएमा यसको नक्कल लिँदा तोकिएको शुल्क लाग्नेछ।

२. यो प्रमाणपत्र सुरक्षित राख्नुपर्नेछ। गाउँ कार्यपालिकाबाट चेकजाँच गर्न आउने कर्मचारीले मागेको बखतमा प्रमाणपत्र देखाउनु पर्नेछ।

३. संस्था रद्द गर्न चाहेमा गाउँ कार्यपालिकामा लिखित जानकारी दिई लगत कट्टा गराउनु पर्नेछ।

४. प्रचलित ऐन कानूनले निषेध गरेको कार्य सञ्चालन गर्न पाइनेछैन।

५. यो दर्ता प्रमाणपत्र प्रत्येक वर्ष आषाढ मसान्त भित्र यस पालिकाको आर्थिक ऐन अनुसारको शुल्क बुझाई नविकरण गराई सक्नुपर्नेछ।

६. संस्था संचालनका शिलशिलामा गाउँ कार्यपालिकाबाट समयसमयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।